राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

# प्रेस-विज्ञप्ति

१७ पुस २०८२

## आनशनरत डा. निकोलस भुसाल र हरिश विष्टको जीवन रक्षा गर

भ्रष्टाचारको छानविन र कारवाही गर्नुपर्ने लगायतका विभिन्न मागहरु राखी विगत १० दिनदेखि काठमाडौंको माइतिघरमा आमरण अनशनमा रहेका डा. निकोलस भुसाल र हरिश विष्टको स्वास्थ्य कमजोर बन्दै गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस सम्बन्धमा आयोगले निरन्तर अनुगमन गरिरहेको छ । आयोगले गरेको पछिल्लो अनुगमनको क्रममा भुसाल र विष्टको स्वास्थ्य अवस्था गम्भिर रहेको, भुसालको रक्तचाप निकै कम रहेको र रगतमा चिनीको मात्रा समेत घटेको पाइएको छ ।

अत : निजहरुको प्रभावकारी स्वास्थ्य उपचारका लागि पहल गर्दै वार्ताको माध्यमबाट अनसनरत व्यक्तिहरूको माग सम्बन्धमा निष्कर्षमा पुग्न, पुऱ्याउन र उनीहरूको जीवन रक्षा गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

श्यामबाबु काफ्ले
सहायक प्रवक्ता/उपसचि

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org